
## संघको कार्यक्षेत्र




## साक्षेदारी र सहकार्य :

नेपाल परिवार नियोजन संघले स्थानीय, प्रदेश र संघीय तीनै तहका सरकारी निकाय, विशेषगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सामाजिक विकास मन्त्रालयका विभिन्न विभागसँगको निकटतामा यौन तथा प्रजनन स्वास्थ्यका विभिन्न राष्ट्रिय तथा प्रादेशिक नीति, रणनीति तथा निर्देशिकाहरुको संशोधन तथा निर्माणमा सक्रियता जनाउँदै आइरहेको छ। स्वास्थ्य सेवा विभागद्वारा गठित परिवार नियोजन उपसमिति, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य उपसमिति, सुरक्षित मातृत्व समिति, सुरक्षित गर्भपतन प्राविधिक समिति आदिमा संघको प्रतिनिधित्व रहेको छ भने प्रदेशस्तरीय प्रजनन स्वास्थ्य समितिमा गैरसरकारी संस्थाको तर्फबाट संघले प्रतिनिधित्व गरिरहेको छ। त्यस्तै जिल्ला स्तरीय प्रजनन स्वास्थ्य समन्वयन समितिमा सक्रियरुपमा आवद्ध रहदै आएको संघ शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालयबाट गठित बृहत यौनिकता शिक्षा प्राविधिक समितिको सक्रिय सदस्यका साथै जिल्ला विपद व्यवस्थापन समितिको सदस्य र परिवार नियोजन तथा यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था समन्वय समितिको सदस्यका साथै नेतृत्व पनि गर्दै आइरहेको छ।

## मानवीय सहायता कार्य :

**भूकम्प २०१५:** प्रभावित जिल्लाहरू - ८; १७७ प्रजनन स्वास्थ्य शिविर ३६,७८४ प्रभावित व्यक्तिलाई स्वास्थ्य सेवा ३१,५०० प्रजनन स्वास्थ्य सेवा प्रदान २,३५९ मर्यादा सामग्री डिग्निटी किट्स वितरण

**बाढी पहिरो - २०१७:** प्रभावित जिल्लाहरू - ७; ५० प्रजनन स्वास्थ्य शिविर ४०० मर्यादा सामग्री डिग्निटी किट्स वितरण ६,००० प्रभावित महिलाहरुलाई प्रजनन स्वास्थ्य सेवा

**बाढी पहिरो २०१९:** प्रभावित जिल्लाहरू - २; ८ प्रजनन स्वास्थ्य शिविर, १,९६७ प्रभावित महिलाहरुलाई प्रजनन स्वास्थ्य सेवा

**कोभिड १९ को महामारी :** ३,२५५,२२४ यौन तथा प्रजनन स्वास्थ्य सेवा २०२०; र ३,५९३,२३४ यौन तथा प्रजनन स्वास्थ्य सेवा २०२१

**भूकम्प २०२३ प्रभावित जिल्लाहरू जाँजरकोट र पूर्वी रुकुम:** ४६ प्रजनन स्वास्थ्य शिविर, २,३०० प्रभावित व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा, १८,८२० विभिन्न यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान, १०० मर्यादा सामग्री डिग्निटी किट्स वितरण; त्यस्तै २०२३ मा ५०२२ र २०२४ मा ३६,८६९ प्रभावित व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा प्रदान

**बाढी पहिरो २०२४:** प्रभावित जिल्लाहरू - ३ काठ्माण्डौ, भक्तपुर, काभ्रेमा जम्मा २,८५३ प्रभावित व्यक्तिलाई प्रजनन स्वास्थ्य सेवा र २७,१८८ विभिन्न यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान।

**कूल सेवा:** ७,८७५ व्यक्तिहरु; ६४,०५७ यौन तथा प्रजनन स्वास्थ्य सेवा।

## संघद्वारा सन् २०२५ मा सञ्चालन गरिएका यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमको प्रभाव मुल्याङ्कन :

| कूल वार्षिक प्रभाव | २०२५ |
|---|---|
| **जनसांख्यिकीय प्रभाव** | |
| अनिच्छित गर्भधारण रोकथाम | ६९,४४१ |
| Live births averted | १४,६६४ |
| गर्भपतन रोकथाम | ४८,३४२ |
| **स्वास्थ्य प्रभाव** | |
| मातृमृत्यु रोकथाम | २५ |
| बालमृत्यु रोकथाम | २१० |
| असुरक्षित गर्भपतन रोकथाम | ३१,४३९ |
| **DALYs र आर्थिक प्रभाव** | |
| मातृ DALYs रोकथाम (मृत्यदर र रूग्णता) | १,५३८ |
| बाल DALYs रोकथाम (मृत्यदर र रूग्णता) | १७,७९२ |
| कुल DALYs रोकथाम (मृत्यदर र रूग्णता) | १९,३३० |
| **गर्भनिरोधक प्रयोगदरमा योगदान (Couple Year Protection)** | |
| जम्मा DALYs योगदान | ७८,०५२ |

## दातृ निकायहरूसँग ६७ वर्षदेखिको साझेदारी/सहकार्य :

१. नेपाल सरकार
२. आई.पि.पि.एफ.
३. यू.एस.ए.आई.डी.
४. द ग्लोबल फण्ड
५. यू.एन.एफ.पी.ए
६. डि.एफ्.ए.टी. अस्ट्रेलिया
७. अस-एड्
८. डि.एफ्.आई.डी.
९. यूरोपिएन युनिएन
१०. के.एफ्.डब्ल्य
११. फिनल्यान्ड सरकार
१२. भास्टोलीट्टो (फेमिली फेडेरेशन अफ फिनल्याण्ड)
१३. वर्ल्ड नेबर्स
१४. पाथफाइन्डर
१५. अक्सफार्म
१६. एस्.डि.सी.
१७. डि.आई.एस्.भि.आई./इटाली
१८. पपुलेशन कन्सर्न
१९. एम्.एस्.एच.
२०. विश्व स्वास्थ्य संगठन
२१. जि.जि.पी. - जापान
२२. डेन्मार्क परिवार नियोजन संघ
२३. द एसिया फाउन्डेसन
२४. हाइडलबर्ग विश्वविद्यालय
२५. जे.एच्.यू.
२६. एफ्.एच्.आई. ३६०
२७. जापान सरकार
२८. नेदरल्याण्ड सरकार
२९. पि.पि.एफ्.ए.आई.
३०. डब्ल्यू.भी.आई.
३१. बिल एन्ड. मेलिन्डा गेट्स् फाउण्डेशन
३२. ह्युलेट एन्ड प्राइस फाउण्डेशन
३३. फर्ड - फाउण्डेशन
३४. यूनिसेफ
३५.यूनेस्को
३६. जे.ओ.आई.सि.एफ्.पी.
३७.कोइका
३८.जाइका
३९.डेनिडा
४०. विश्व बैंक
४१. एक्सन एड्
४२. ईन्जेण्डर हेल्थ
४३. जापान प्लेटफर्म
४४. पि.ए.सि.टी.
४५. जपाईगो
४६. फूड् फर हङ्गर
४७. प्याकार्ड फाउन्डेशन
४८. जे.टि.एफ्.
४९. जर्मन सरकार
५०. ठूला अनाम दाताहरू
५१. ग्लोबल अफेयर्स क्यानडा
५२. भारत परिवार नियोजन संघ
५३. हेल्भिटास
५४. इ.सी.सी.डि परियोजना
५५. बैक तथा अन्य कर्पोरेट सेक्टर

**नेपाल परिवार नियोजन संघ**
पुल्चोक, हरिहरभवन, ललितपुर, पोष्ट बक्स नम्बर ४८६, काठ्माण्डौं, नेपाल
फोन : ९७७ - १(५०१०२४०, ५०१०२७०, ५०१०२७५, हेल्पलाइन : १६६००१४५०००
इमेल : fpan.ed@fpan.org.np, fpan@fpan.org.np, Website: www.fpan.org

FPAN
नेपाल परिवार नियोजन संघ

IPPF



# नेपाल परिवार नियोजन संघ

(सबैको सुस्वास्थ्य र सेवामा समर्पित)

६७

- वर्षदेखिको निरन्तरता
- वर्षदेखिको प्रतिबद्धता

Family Planning Association of Nepal

## ६७ वर्षदेखि परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा अगुवाई :

सन् १९५९ मा स्थापित नेपाल परिवार नियोजन संघ, नेपालमा परिवार नियोजन सेवाका साथै यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको पैरवी, सचेतना र सेवाको पहुँच बढाउन सक्रिय रुपमा आवद्ध पहिलो र प्रमुख गैरसरकारी संस्था हो। नेपाल सरकारले सन् १९६९ मा राष्ट्रिय परिवार नियोजन तथा मातृशिशु स्वास्थ्य कार्यक्रम शुरुआत गर्नु अगावै संघले आफ्ना सेवाहरु थालनी गरिसकेको थियो। संघ, अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ (आई.पि.पि.एफ.) को एक सदस्य-संघ हो, जसले संघलाई स्थानीय स्वामित्व र विश्वव्यापीरुपमा जोडिएको एक नागरिक समाज संगठनको सदस्य बनाएको छ। संघले जाती, रङ, लिङग, उमेर, धर्म, भाषा, यौन प्रवृत्ति र सामाजिक आर्थिक अवस्थाका आधारमा कुनै पनि व्यक्तिलाई सेवामा विभेद गरिनु हुँदैन भनेर सचतेनामूलक कार्यक्रमका साथै पैरवी पनि गर्दै आइरहेको छ। संघले आई.पि.पि.एफ को एक सदस्य संघको हैसियतले विना भेदभाव सबैलाई स्वतन्त्रतापूर्वक आफ्नो यौनिकता तथा सु-स्वास्थ्यका सम्बन्धमा छनोट गर्ने तथा उपयुक्त निर्णय लिन पाउने अधिकारको सुनिश्चिता गर्दछ।

## यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको क्षेत्रमा संघको अनवरत यात्रा :






- सन् १९५९ - नेपाल परिवार नियोजन संघको स्थापना
- सन् १९६० - नेपालमा पहिलो परिवार नियोजन क्लिनिक
- सन् १९६८ - पहिलो परिवार नियोजन सम्बन्धी पहिलो रेडीयो कार्यक्रम
- सन् १९६९ - अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ (आई.पी.पी.एफ.) को पूर्ण (सदस्यता
- सन् १९७० - १९८५ परिवार नियोजन सेवाको विस्तारका साथै बन्ध्याकरण सेवाको थालनी
- सन् १९७१ - गर्भपतन उदारीकरण नीतिका लागि जनमत निर्माण थालनी
- सन् १९९४ - परिवार नियोजन सेवामा छनौटको अधिकार
- सन् १९९५ - २००४ यौन तथा प्रजनन स्वास्थ्य अधिकार प्रबर्द्धनमा पैरवी अभियान
- सन् १९९५ - २००४ एच.आइ.भी र यौन तथा प्रजनन स्वास्थ्य एकिकृत सेवाको थालनी
- सन् २००० - किशोरकिशोरी तथा युवालक्षित यौन तथा प्रजनन स्वास्थ्य सेवाको विस्तार
- सन् २००२ - सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता
- सन् २००४ - सुरक्षित गर्भपतन सेवाको थालनी
- सन् २००८ - बृहत् यौनिकता शिक्षामा पैरवी अभियान
- सन् २०११ - संयुक्त पैरवी प्रयासबाट बृहत् यौनिकता शिक्षालाई विद्यालयका पाठ्यक्रममा समावेश
- सन् २०१३ - नेपालमा गैरसरकारी संस्थाका तर्फबाट पहिलो पटक पाठेघरको मुखको क्यान्सर जाँच तथा उपचार सेवाको थालनी
- सन् २०१४ - नेपाल परिवार नियोजन संघको स्थापना दिवसलाई राष्ट्रिय परिवार नियोजन दिवसको रुपमा मान्यता प्राप्त
- सन् २०१५ - विपद् तथा महामारीको अवस्थामा मानवीय सेवा (न्युनतम आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा) को शुरुआत
- सन् २०१७ - संघको सूचना प्रणालीलाई सुदृढ गर्न जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS) को प्रयोग
- सन् २०१९ - अपाङ्गमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको थालनी
- सन् २०२२ - बाँझोपना निवारण सेवाको शुरुआतत
- सन् २०२२ - यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका लागि रेन्बो क्लिनिक सञ्चालन
- सन् २०२२ - एचआइभीको जोखिम न्यूनिकरणका लागि प्रेप सेवा सञ्चालन

## २०२३ देखि २०२८ सम्मको लागि नयाँ रणनीति:

आई.पि.पि.एफ.को Come Together रणनीतिलाई अवलम्बन गर्दै, संघले सन् २०२३ देखि २०२८ सम्मको लागि आफ्नो पञ्च वर्षीय रणनीतिक योजनाहरू निर्धारण गरिसकेको छ, जसअनुसार संघको समग्र कार्यढाँचालाई चार बृहत् स्तम्भहरू - व्यक्ति केन्द्रीत सेवा, यौनिकताको मुद्धामा अग्रसरता, परिवर्तनका लागि ऐक्यबद्धता लगायत संस्थागत बृद्धिविकाश र दिगोपनामा वर्गीकरण गरिएको छ।

यी चार स्तम्भमा आधारीत यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका कार्यक्रमहरू अगामी ५ वर्षसम्म विस्तार गर्दै नेपाल सरकारले निर्धारण गरेको दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुऱ्याउनुका साथै उच्च जोखिम तथा सेवाको पहूँचबाट वञ्चित सिमान्तकृत समुदाय लगाायत किशोरकिशारी तथा युवाहरुको क्षमता अभिवृद्धिका साथै उनीहरुमा सेवाको सुनिश्चितता गराउनु संघका कार्यक्रम तथा रणनीतिको मुख्य ध्येय रहेको छ।

नेपालमा "परिवार योजना" भन्नाले नेपाल परिवार नियोजन संघ हो

## संस्थागत सामर्थ्य:


**दक्ष स्वयम्सेवक :** नेपाल परिवार नियोजन संघ एक स्वयंसेवी स्वशासित संस्था हो। संघमा हाल, लगभग ११००० दक्ष स्वयम्सेवकहरु रहेका छन्, जसले यौन तथा प्रजनन स्वास्थ्य सेवा र अधिकारको प्रवर्द्धन, पैरवी तथा स्रोत परिचालनमा सक्रिय र अर्थपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन्। देशका ७७ जिल्ला मध्ये २० वटा जिल्लामा संघका आफ्ना शाखा कार्यालयहरु रहेका छन्, त्यस्तै केन्द्रीय स्तरमा केन्द्रीय कार्य समिति र हरेक शाखामा, शाखा कार्य समिति रहेका छन्, यी दुवै तहमा आधा भन्दा बढी सहभागिता महिला सदस्यहरुको रहेको छ भने २७ प्रतिशत सहभागिता युवाहरुको रहेको छ।

**दक्ष जनशक्ति :** संघमा हाल १६० जना भन्दा बढी कर्मचारी  रहेका छन्, जसमा पूर्णकालिक कर्मचारी, छोटो अवधिका कर्मचारी तथा परामर्शदाताहरु समावेश छन्। यसमा आधा भन्दा बढी परिवार नियोजन तथा यौन तथा प्रजनन स्वास्थ्यमा प्रशिक्षित सेवाप्रर्दायकहरु रहेका छन्। संघले सधै लैङ्गिक तथा न्यायोचित समानता र समावेशिकरणमा जोड दिदैआइरहेको छ, जसका आधाभन्दा बढी कर्मचारीहरुको संख्या विविध समूदायका महिलाहरुको रहेको छ।

**परिवार नियोजन तथा यौन तथा प्रजनन स्वास्थ्यमा अग्रणी :** संघले लान्छना, त्रास तथा विभेद रहित सेवाहरु गरिव, सेवा-सुविधाबाट वञ्चित सिमान्तकृत तथा जोखिम अवस्थामा रहेका जनमानसहरुमा विस्तार गर्न नेपाल सरकार, नीजि क्षेत्र, स्थानीय संस्थाहरु र समुदायसँग समन्वयन र सहकार्य गर्दै आइरहेको छ। साथै संघले सबैमा सेवाको पहुँच उपलब्धता गराउनका लागि स्टाटिकल क्लिनिक, मोवाइल आउटरिच, धुम्ती शिविर सेवा संचालन गर्नुका साथै प्रजनन स्वास्थ्य स्वयम्सेवकहरु परिचालन तथा निशुल्क हेल्पलाइन सेवा पनि संचालन गर्दै आइरहेको छ।


देशका सातै प्रदेशमा हाल संघका २० शाखा कार्यालयहरु क्रियाशील छन् र २३ जिल्लामा २४ वटा स्टाटीकल सेवा केन्द्रहरू रहेका छन्। त्यस्तै चिकित्सक सहितको १८ परिवार स्वास्थ्य क्लिनिक, ८ तालिम केन्द्र, १ प्रसूति सेवा केन्द्र, २१ मोवाइल आउटरिच टिम,  र ४ वटा एशोशिएट क्लिनिक रहेका छन्। संघले स्थानीय तहमा आउटरिच सेवा सञ्चालनका लागि घुम्ती टोली (मोवाइल टिम) परिचालन गर्दछ भने छोटो अवधिको परिवार नियोजन सेवा तथा परामर्शका लागि प्रजनन स्वास्थ्य स्वयम्सेविकाहरुलाई स्थानीयहरुको घरदैलोमा परिचालन गर्ने गर्दछ। साथै संघले आफ्ना लक्षित तथा जोखिम समूदाय जस्तै युवा, यौनकर्मी महिला, एच आइ.भी. सङक्रमित, लागु औषघ प्रयोगकर्ता, अपाङ्गता भएका व्यक्ति आदिलाई साथी शिक्षककारुपमा परिचालन गर्दै पनि आइरहेको छ भने प्रशिक्षित परामर्शदाताहरुबाट गुणस्तरीय परामर्श तथा प्रेषण सेवाहरु प्रदान गर्न हेल्पलाइन सेवा पनि सञ्चालनमा ल्याएको छ साथै परिवार स्वास्थ्य केन्द्र मार्फत एकिकृत सेवा प्याकेज लगायत परिवार नियोजनका साधन, सुरक्षित गर्भपतन, एच आइ.भी. तथा एड्स, यौन सङ्क्रमण, स्त्रीरोग तथा प्रसूति सेवा, लैङ्गिकतामा आधारित हिंसा परामर्श तथा प्रेषण आदि सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संघले सन् २०२५ मा एकलाख पैतिस हजार यौन तथा प्रजनन स्वास्थ्यका विविध सेवाहरु प्रदान गरेको थियो।

## यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गरिने च्यानलहरु :




यौन तथा प्रजनन स्वास्थ्य सेवामा ६७ वर्षको यात्रा

## अत्यावश्यक एकिकृत स्वास्थ्य सेवा प्याकेज




**परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा क्षमता अभिवृद्धिमा अग्रणी;** देशका सातैवटा प्रदेशमा नेपाल सरकारबाट प्रमाणीकरण गरिएका आठवटा तालिम केन्दहरुबाट संघले परिवार नियोजन तथा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिमहरु सञ्चालन गर्दै आएको छ । ती तालिम केन्द्र मार्फत सरकारी, गैरसरकारी तथा संघका सेवाप्रदायकहरुलाई आवश्यक तालिमहरु प्रदान गरिन्छ।

**यौन तथा प्रजनन स्वास्थ्य अधिकार पैरवीमा अग्रणी :** नेपाल परिवार नियोजन संघले साझेदारी संघसंस्थाहरुसँगको समन्वयमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारको स्थापनार्थ तथा प्रवर्द्धनका लागि लामो समय देखि पैरवी गर्दै आइरहेको छ। विशेषगरी संघले सन् १९९६ मा संसद्मा गर्भसंरक्षण विधेयक दर्ता गरी गर्भपतन उदारीकरण नीतिका लागि जनमत निर्माण थालनी गरी नेपालमा गर्भपतनलाई कानूनी मान्यता प्रदान गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको थियो भने सन् २०१४ मा परिवार नियोजन दिवसलाई राष्ट्रिय परिवार नियोजन दिवसको रुपमा मान्यता प्रदान गर्न साथै बृहत् यौनिकता शिक्षालाई विद्यालयका पाठ्यक्रम तथा विद्यालय शिक्षा क्षेत्र योजनमा समावेश गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।






नेपाल परिवार नियोजन संघमा लगानी दिगो विकासको थालनी